**आकाशवाणी समाचार- नेपाली**
**मितिः ११ मई २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी आज ज्योतिर्लिंगहरूमध्ये पहिलो सोमनाथ महादेव मन्दिरको पुनर्निर्माणको अवसरमा 'सोमनाथ अमृत पर्व-२०२६' मा भाग लिनुहुनेछ।

२. पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज राज्य सचिवालय, नबन्नामा मन्त्रिपरिषद्को बैठकको अध्यक्षता गर्नुहुनेछ।

३. आसामका राज्यपाल लक्ष्मणप्रसाद आचार्यले भारतीय जनता पार्टीका हिमन्त विश्व शर्मालाई राज्यमा नयाँ सरकार गठन गर्न आमन्त्रित गर्नुभएको छ।

४. स्थापित नवीकरणीय ऊर्जा क्षमताको हिसाबले भारत विश्वव्यापी रूपमा तेस्रो स्थानमा छ।

५. आईपीएल क्रिकेटमा हिजो भएको म्याचमा रोयल च्यालेन्जर्स बैंगलोर र चेन्नई सुपर किंग्सले आफ्नो आफ्नो म्याच जितेको छ।

**प्रधानमन्त्रीको सोमनाथ भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी आज ज्योतिर्लिंगहरूमध्ये पहिलो सोमनाथ महादेव मन्दिरको पुनर्निर्माणको अवसरमा 'सोमनाथ अमृत पर्व-२०२६' मा भाग लिनुहुनेछ। उहाँले भगवान सोमनाथलाई प्रार्थना गर्नुहुनेछ र कुम्भ अभिषेक अनुष्ठान गर्नुहुनेछ, त्यसपछि उहाँले सार्वजनिक सभालाई सम्बोधन गर्नुहुनेछ। यस अवसरमा प्रधानमन्त्रीले रोड शो पनि आयोजना गरिएको छ। यस अवसरमा मुख्यमन्त्री भूपेन्द्र पटेल र उप मुख्यमन्त्री हर्ष संघवी पनि उपस्थित हुनेछन्।

**बाइट**

प्रधानमन्त्री पछि वडोदरा जानुहुनेछ जहाँ उहाँले साँझ ६ बजे सरदारधाम छात्रावासको उद्घाटन गर्नुहुनेछ। छात्रावासमा एक हजार छात्र र एक हजार छात्राका लागि छात्रावासको सुविधाका साथै केन्द्रीय भोजन कक्ष, पुस्तकालय, अडिटोरियम जस्ता सुविधा पनि छन् । श्री मोदीले सरदारधाम परिसरमा स्वागत कक्ष, नागरिक सुविधाहरू, डाइनिंग हल र ई-लाइब्रेरीसहित विभिन्न सुविधाहरूको पनि भ्रमण गर्नुहुनेछ। सभालाई प्रधानमन्त्रीले सम्बोधन गर्ने कार्यक्रम छ।

**हैदराबादमा प्रधानमन्त्रीको ऱ्याली**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो हैदराबादको परेड मैदानमा विशाल जनसभालाई सम्बोधन गर्नुभयो। यो कार्यक्रमलाई तेलंगानामा भारतीय जनता पार्टीको लागि एक प्रमुख राजनीतिक अभियानको रूपमा हेरिएको छ। राज्यभरबाट आएका हजारौं समर्थकहरूलाई सम्बोधन गर्नु हुँदै प्रधानमन्त्री श्री मोदीले तेलुगुमा आफ्नो भाषण सुरु गर्नु हुँदै तेलंगानाका जनतालाई अभिवादन गर्नु भयो। प्रधानमन्त्रीले देशभरका मानिसहरूले भाजपाको विकास र सुशासनको मोडेलमा निरन्तर विश्वास गरिरहेको बताउनु भयो। उहाँले आसाम र पुडुचेरी जस्ता राज्यहरूमा पार्टीको प्रदर्शनलाई उद्धृत गर्दै पश्चिम बंगालमा भाजपाको उदयलाई एक महत्त्वपूर्ण लोकतान्त्रिक परिवर्तनको रूपमा वर्णन गर्नु भयो। प्रधानमन्त्रीले कांग्रेस पार्टीलाई भ्रष्टाचार, वंशवादी राजनीति र राष्ट्रिय संस्थाहरूको दुरुपयोगलाई बढावा दिएको आरोप लगाउनु भयो। श्री मोदीले जोड दिनु भयो, असम, बंगाल र ओडिशादेखि अन्य राज्यहरूमा देखिने राजनीतिक परिवर्तनले जनताले वंशवादी सरकारहरूलाई अस्वीकार गरिरहेको स्पष्ट संकेत हो।

तेलङ्गनाको भविष्यको बारेमा बोल्नु हुँदै प्रधानमन्त्रीले घोषणा गर्नु भयो, राज्यको अर्को सरकार भाजपाको नेतृत्वमा गठन हुनेछ। उनहाँले जोड दिनु भयो, जनता विद्यमान राजनीतिक विकल्पहरूबाट मोहभंग र निराश भएका छन्। श्री मोदीले जनतालाई आयातित इन्धनमा निर्भरता घटाएर र सार्वजनिक यातायात र कारपुलिंगको प्रयोगलाई प्रोत्साहन गरेर आर्थिक आत्मनिर्भरतालाई बलियो बनाउन आग्रह गर्नु भयो।

**पश्चिम बंगाल – मन्त्रिपरिषद्**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज राज्य सचिवालय, नबन्नामा मन्त्रिपरिषद्को बैठकको अध्यक्षता गर्नुहुनेछ। शनिबार ब्रिगेड परेड ग्राउन्डमा मुख्यमन्त्रीसँगै पद तथा गोपनीयताको शपथ लिएका पाँच मन्त्रीहरूमा विभागको बाँडफाँड यस बैठकको क्रममा हुने अपेक्षा गरिएको छ। नयाँ मन्त्रिपरिषद्को बैठकमा भारतीय जनता पार्टीको चुनावी वाचाहरूको बारेमा पनि छलफल हुने सम्भावना छ। बैठकमा आयुष्मान भारत, अन्नपूर्ण भण्डारको कार्यान्वयन र राज्य सरकारी कर्मचारीहरूको लागि सातौं वेतन आयोग जस्ता मुद्दाहरूमा छलफल हुने अपेक्षा गरिएको छ। जिल्ला अधिकारी, पुलिस अधीक्षक र विभिन्न विभागका सचिवहरूको उपस्थितिमा प्रशासनिक र कानून व्यवस्थाको स्थितिको समीक्षा पनि गरिनेछ। नवनिर्वाचित विधायकहरू पनि यस बैठकमा उपस्थित हुने अपेक्षा गरिएको छ। मुख्यमन्त्रीलाई लगभग ११ बजी गार्ड अफ अनर प्रदान गरिनेछ, त्यसपछि मन्त्रिपरिषद्को बैठक सुरु हुनेछ।

पश्चिम बंगाल विधानसभाका नवनिर्वाचित सदस्यहरूलाई आगामी बुधबार, बिहीबार र शुक्रबार पदको शपथ ग्रहण गराइनेछ। वरिष्ठ भाजपा नेता तापस रायले कार्यवाहक विधानसभा अध्यक्षको रूपमा विधायकहरूलाई शपथ ग्रहण गराउनुहुनेछ।

**असम – हिमन्त सरकार**

आसामका राज्यपाल लक्ष्मणप्रसाद आचार्यले भारतीय जनता पार्टीका हिमन्त विश्व शर्मालाई राज्यमा नयाँ सरकार गठन गर्न आमन्त्रित गर्नुभएको छ। यो असममा एनडीएको लगातार तेस्रो सरकार हुनेछ। एनडीए विधायक दलको नेताको रूपमा सर्वसम्मतिले निर्वाचित भएपछि श्री हिमन्तले गठबन्धनका अन्य नेताहरूसँगै लोकभवनमा राज्यपाललाई भेटेर सरकार गठनको लागि आफ्नो दाबी प्रस्तुत गर्नु भयो। श्री आचार्यले भोलि श्री शर्मा र मन्त्रिपरिषद्का नयाँ सदस्यहरूलाई पद र गोपनीयताको शपथ गराउनुहुनेछ। शपथ ग्रहण समारोह खानापारास्थित पशु चिकित्सा कलेजको खेल मैदानमा आयोजना हुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह र भाजपा अध्यक्ष नितिन नबिन लगायत अन्य व्यक्तिहरू समारोहमा उपस्थित हुने अपेक्षा गरिएको छ।

**भारत – नवीकरणीय ऊर्जा**

स्थापित नवीकरणीय ऊर्जा क्षमताको हिसाबले भारत विश्वव्यापी रूपमा तेस्रो स्थानमा छ। मोर्गन स्टेनलीको नयाँ प्रतिवेदन अनुसार भारतको नवीकरणीय ऊर्जा संक्रमणले बाह्य निर्भरता कम गर्न मद्दत गर्नेछ; यद्यपि, यसको सफलता सौर्य कोष, वेफर र पोलिसिलिकन जस्ता महत्वपूर्ण घटकहरू घरेलु रूपमा उत्पादन हुने गतिमा निर्भर गर्नेछ।

नयाँ र नवीकरणीय ऊर्जा मन्त्रालयको तथ्याङ्क अनुसार, घरेलु सौर्य मोड्यूल क्षमता मार्च २०२४ मा ३८ गीगावाटबाट बढेर मार्च २०२५ मा ७४ गीगावाट पुगेको छ। सौर्य कोष क्षमता पनि ९ गीगावाट बाट बढेर २५ गीगावाट पुगेको छ।

यद्यपि रिपोर्टले यो पनि उल्लेख गरेको छ कि भारत प्रमुख घटकहरूको लागि आयातमा धेरै निर्भर छ।

**उत्तराखण्ड – चार धाम यात्रा**

उत्तराखण्ड प्रशासनले राज्यमा रहेको प्रतिकूल मौसमको बीचमा चार धाम यात्रा गर्ने भक्तजन र पर्यटकहरूलाई सावधानी अपनाउन र सुरक्षा प्रोटोकल पालन गर्न अपील गरेको छ। मौसम विभागले भोलि र बुधबार उत्तराखण्डका विभिन्न भागहरूमा विशेष गरी पहाडी क्षेत्रहरूमा प्रतिकूल मौसम र वर्षाको लागि ऑरेंज अलर्ट जारी गरेको छ।

**मध्य प्रदेश – चितुवा**

मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवले आज कूनो नेशनल पार्कमा दुईवटा चितुवा छोड्नु हुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले १७

सेप्टेम्बर २०२२ मा नामिबियाबाट ल्याइएको आठवटा चितुवालाई कूनो नेशनल पार्कमा छाडेर 'प्रोजेक्ट चितुवा' सुरु गर्नु भएको थियो। यो विश्वका पहिलो अन्तरमहाद्वीपीय बिग कैट रिलोकेशन प्रोजेक्ट थियो। त्यसपछि २०२३ मा दक्षिण अफ्रिकाबाट थप १२ वटा चितुवा ल्याइयो। यस वर्षको फरवरीमा नौवटा चितुवा पनि बोत्सवानाबाट कुनो नेशनल पार्कमा आइपुगे। त्यसबेलादेखि कूनो नेशनल पार्कको परिदृश्य पूर्ण रूपमा परिवर्तन भएको छ।

**हान्ताभाइरस – भारतीय नागरिकहरू**

स्पेनको म्याड्रिडस्थित भारतीय दूतावासले हान्ताभाइरसबाट प्रभावित क्रूज जहाजमा सवार दुई भारतीय नागरिक सुरक्षित रहेको र संक्रमणको कुनै लक्षण नदेखिएको बताएको छ। डच झण्डा भएको जहाज, एमभी होन्डियस हिजो स्पेन आइपुगेको छ जसमा दुई भारतीयहरूसहित लगभग १५० जना सवार छन्।

**आईपीएल क्रिकेट**

आईपीएल क्रिकेटमा हिजो राति रायपुरमा रोयल च्यालेन्जर्स बैंगलोरले मुम्बई इन्डियन्सलाई दुई विकेटले पराजित गऱ्यो। पहिले ब्याटिङ गर्दै मुम्बई इन्डियन्सले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १६६ रन बनाएको थियो। तिलक वर्माले ४२ बलमा ५७ रन बनाए। बैंगलोरका लागि भुवनेश्वर कुमारले चार विकेट लिए। जवाफमा रोयल च्यालेन्जर्स बैंगलोरले आठ विकेट गुमाउँदै लक्ष्य सफलतापूर्वक हासिल गरेको थियो। भुवनेश्वर कुमारलाई म्याचको उत्कृष्ट खेलाडी घोषित गरियो।आईपीएलमा आज पञ्जाब किंग्सले दिल्ली क्यापिटल्ससँग खेल्नेछ। यो म्याच धर्मशालामा साँझ ७:३० बजे सुरु हुनेछ।